**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 97-110 ISSN : 2392-4764 (P)

# नेपालको विद्यालय तहको पाठ्यक्रममा नैतिक शिक्षा

**युवराज कंडेल** (विद्यावारिधि अनुसन्धानरत)
उपप्राध्यापक, बुटवल मोडेल कलेज, कानुन अध्ययन विभाग तथा कालिका मानवज्ञान मावि, बुटवल
Email: yrkandel@gmail.com
https://doi.org/10.3126/haimaprabha.v1i22.56542

**सारसङ्क्षेप**

*नैतिकता भनेको समाजले 'सही' वा 'गल' मान्ने व्यवहारको प्रणाली हो। नैतिक शिक्षा भनेको समाजको असल र सही व्यवहारलाई भविष्यका नागरिकहरूमा हस्तान्तरण गर्ने क्रियाकलाप हो । नैतिक शिक्षाको उपयोग निश्चित धर्म संस्कृति या नीतिका कथाहरूमा अभ्यस्त हुने या तुल्याउने मात्र नभई यसलाई मानव जीवनका मूल्यहरूसँग सम्बन्धित गराई आचरण, चरित्र, गुण र त्यसलाई व्यवहारमा उतार्ने उपयुक्त माध्यम समेत हो । नैतिक शिक्षा विषयको पाठ्यक्रमको मूलभूत उद्देश्य आधुनिक समाजका लागि सुयोग्य, स्वावलम्बी एवम् कर्तव्य र अधिकारलाई सन्तुलित ढङ्गले प्रयोग गर्न सक्ने प्रतिस्पर्धी नागरिक तयार गर्नु हो । नेपालमा परापूर्वकालदेखि नै शिक्षाको प्रमुख उद्देश्य विद्यार्थीहरूमा उच्च नैतिकता र असल चरित्र निर्माण गर्नु रहेको थियो । नेपालको शिक्षामा आमूल परिवर्तन ल्याएको रा.शि.प.यो.ले लागु गरेको नयाँ शिक्षामा नैतिक शिक्षालाई महत्त्वपूर्ण स्थान दिइएको थियो । देश गणतान्त्रिक व्यवस्थामा गएपछि तयार गरिएको राष्ट्रिय शिक्षा नीति र शिक्षाका उद्देश्यहरूले सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचारजस्ता गुण विकास गर्ने कुरालाई जोड दिएको छ र यसैमा आधारित रहेर राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ समेत तयार गरिको छ। वर्तमान पाठ्यक्रमअनुसार सामाजिक अध्ययन विषयलाई बालबालिकामा नैतिकता विकास गर्ने मुख्य विषयको रूपमा लिइएको छ । यो विषयमा नैतिकता विकसित गर्ने पाठ्यवस्तुहरूलाई विभिन्न एकाइहरूमा समावेश गरिएको पाइन्छ । यस आलेखमा विद्यालय तहको पाठ्यक्रममा नैतिक शिक्षा सम्बन्धित विषयवस्तुहरू कसरी समावेश गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ।*

**शब्दकुञ्जी:** पाठ्यक्रम, नैतिक शिक्षा, सदाचार, जीवनोपयोगी सिप, दर्शन।

## विषयपरिचय

शिक्षा व्यावहारिक सीप सिकाउने साधन हो र नैतिकता भनेको समाजले 'सही' वा 'गलत' मान्ने व्यवहारको प्रणाली हो । कुनै पनि विषयमा गहिरो ज्ञान प्राप्त गर्ने वा गराउने प्रक्रिया शिक्षा हो (अधिकारी, २०७८) । शिक्षाको उद्देश्य प्राज्ञिक सक्षमता मात्र नभई चरित्र विकास, सामाजिक प्रवृत्ति र मूल्यहरूको विकास गर्नुका साथै ज्ञानको प्राप्ति र उपयोग, अनुभवहरूको आदानप्रदानलाई सुनिश्चित गर्नु नै हो (Lickona,1991) । नागरिकहरूमा समुचित एवम् जीवनोपयोगी शिक्षाको व्यवस्था भएमा नै राष्ट्रको

सर्वाङ्गीण उन्नति हुन्छ यसका लागि समग्र शिक्षा प्रणालीको केन्द्रबिन्दुमा नैतिक शिक्षा हुन जरुरी छ । परम्परावादी मूल्य, मान्यता, आस्था र नैतिकता विघटित भइरहेको र नयाँ मूल्य, मान्यता र आस्था तथा नैतिकता स्थापित नभइसकेको वर्तमान परिस्थितिमा हाम्रो शिक्षाले समयानुकूल नयाँ मूल्य, मान्यता र नैतिकताको स्थापनामा विशेष भूमिका खेल्नुपर्ने अवस्था छ (उ.रा.शि. आ.प्र. २०५५) । आधुनिक नैतिक शिक्षा भनेको समाजको असल र सही व्यवहारलाई भविष्यका नागरिकहरूमा हस्तान्तरण गर्ने क्रियाकलाप हो (Durkheim 1961) । नैतिक शिक्षाको उपयोग निश्चित धर्म संस्कृति या नीतिका कथाहरूमा अभ्यस्त हुने या तुल्याउने मात्र नभई यसलाई मानव जीवनका मूल्यहरूसँग सम्बन्धित गराई आचरण, चरित्र, गुण र त्यसलाई व्यवहारमा उतार्ने उपयुक्त माध्यमका रूपमा ग्रहण गर्नुसमेत हुन्छ ।

नैतिक शिक्षा विश्लेषणात्मक शैक्षिक दर्शन र दैनिक शैक्षिक अभ्यासको सबैभन्दा महत्त्वपूर्ण क्षेत्र हो (Chazan and Soltis,1973) । नैतिक शिक्षा विषयको पाठ्यक्रमको मूलभूत उद्देश्य आधुनिक समाजका लागि सुयोग्य, स्वावलम्बी एवम् कर्तव्य र अधिकारलाई सन्तुलित ढङ्गले प्रयोग गर्न सक्ने प्रतिस्पर्धी नागरिक तयार गर्नु हो । नैतिक शिक्षा सम्पूर्ण व्यक्तिका लागि महत्त्वपूर्ण शैक्षिक पाटो हो किनभने यसले विद्यार्थीहरूको सकारात्मक मूल्य मान्यता र मनोवृत्तिलाई जोड दिन्छ । यसप्रकारका नागरिकले नेपाली समाजमा एक असल नागरिकको भूमिका निर्वाह गर्न सक्छन् । सामाजिक विसङ्गतिहरूको निराकरण, व्यक्ति, समाज र राष्ट्रको विकास निर्माणमा सक्रियता प्राप्त ज्ञान र सिपका समुचित प्रयोगमार्फत समावेशी समाज निर्माण तथा सामाजिक रूपान्तरणका लागि उदाहरणीय कार्य गर्ने सक्षम बनाउनु नैतिक शिक्षाको लक्ष्य हुन्छ । मानवीय मूल्यका प्रदर्शन, कर्तव्य र अधिकारको सन्तुलन, व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहमा शान्ति, भाइचारा र विश्वबन्धुत्वका भावताका अनुसरणका लागि स्वयम् सरिक हुने अन्य व्यक्तिलाई पनि सरिक हुन प्रेरित गर्ने र सामाजिक सहिष्णुताका साथ सामूहिक जीवन पद्धतिका विकास एवम् आचरण निर्माणका पक्षमा नैतिक शिक्षाको पाठ्यक्रमले विशेष ध्यान दिनुपर्छ । नेपालको शिक्षा नीति र पाठ्यक्रम प्रारूपले नैतिक शिक्षाका बारेमा के के उपलब्धिको अपेक्षा गरेका छन् ? विद्यालय शिक्षाको पाठ्यक्रमले नैतिक शिक्षालाई कसरी समेटेको छ ? यिनै कुराहरूमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनमा निम्न अनुसारको अध्ययन विधि अवलम्बन गरिएको छ ।

### अनुसन्धानको ढाँचा

यस अध्ययनमा गुणात्मक अध्ययन ढाँचा अवलम्बन गरिएको छ । नेपालको शिक्षा नीति, पाठ्यक्रम प्रारूप र विद्यालय तहका पाठ्यपुस्तकहरूको अध्ययनबाट प्राप्त तथ्यहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 97-110 ISSN : 2392-4764 (P)

### नमुना छनौट

यस अध्ययनमा विद्यालय तहको पाठ्यक्रमलाई जनसङ्ख्या मानेर नैतिक शिक्षाका धेरै विषयवस्तुहरू सामाजिक अध्ययन विषयमा समावेश हुने भएकोले कक्षा ६ देखि १२ सम्मको सामाजिक अध्ययन विषयलाई नमुनाको रूपमा छनौट गरिएको छ।

### तथ्य सङ्कलन

यस अध्ययनमा नेपालको शिक्षा नीतिले नैतिक शिक्षाको सन्दर्भमा उल्लेख गरेका विषयवस्तुहरू र राष्ट्रिय पाठ्यक्रम प्रारूपले उठान गरेका नैतिक शिक्षाका सवालहरूबाट सामग्री सङ्कलन गरिएको छ। अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि कक्षा ६ देखि १० सम्मको सामाजिक अध्ययन विषय र कक्षा ११ र १२ को सामाजिक अध्ययन तथा जीवनोपयोगी सिप विषयका प्रत्येक एकाइहरूको अध्ययन गरी नैतिक शिक्षासँग सम्बन्धित सामाग्रीहरूको पहिचान गरी विश्लेषणका लागि तथ्यहरू सङ्कलन गरिएको छ। पाठ्यक्रम र पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्नका लागि पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकलाई आधार बनाइएको छ।

## सैद्धान्तिक पर्याधार

यो आलेख पाठ्यक्रमको विश्लेषणमा आधारित छ। पाठ्यक्रम विश्लेषण गर्ने आधार शिक्षाको राष्ट्रिय उद्देश्य, अपेक्षित सक्षमता र पाठ्यपुस्तकसँगको सामञ्जस्यता हो। यस अध्ययनका लागि युनेस्कोको इन्टरनेशनल ब्युरो अफ एजुकेसनले तयार गरेको प्रोटोटाइप अफ नेशनल करिकुलम फ्रेमवर्क ( IBE-UNESCO, 2017) प्रधान गरेको आधारहरू जस्तै शिक्षा नीति र शिक्षाका राष्ट्रिय उद्देश्यसँग पाठ्यक्रमको तालमेल छ कि छैन ? पाठ्यक्रमले समाजको आवश्यकतालाई सम्बोधन गर्न सकेको छ कि छैन ? पाठ्यक्रमको विषयवस्तुअनुसार पाठ्यपुस्तक तयार भएका छन् कि छैन भन्ने आधारमा पाठ्यक्रम विश्लेषण गर्ने गरिन्छ। यस आलेखमा पनि पाठ्यक्रम विश्लेषणको यिनै आधारलाई सैद्धान्तिक आधार मानिएको छ।

## छलफल र विश्लेषण

### नेपालमा विद्यालय शिक्षा

नेपालमा कक्षा १२ सम्मको शिक्षालाई विद्यालय शिक्षा मानिएको छ। सबैका लागि शिक्षा (२०००–२०१५) सहस्राब्दी विकास लक्ष्य (२०००–२०१५) तथा दिगो विकास लक्ष्य (२०१५–२०३०) ले विद्यालय शिक्षालाई जोड दिएको छ। नेपालको संविधानले सबैका लागि शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गरिएको छ। माध्यमिक शिक्षा निःशुल्क हुने

व्यवस्था संविधानले गरेको छ। प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा र कक्षा ९ देखि कक्षा १२ सम्म वा सोसरहको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा लिइएको छ। हाल नेपालमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालय सञ्चालनमा रहेका छन्। शिक्षा मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा सामुदायिक विद्यालय २६ हजार ४ सय ५४ (७७%), संस्थागत विद्यालय ६ हजार ७ सय ६० (२०%) र धार्मिक विद्यालय १ हजार १ सय ५४(३%) गरी कुल ३४ हजार ३ सय ६८ विद्यालय सञ्चालनमा छन्। शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७६ मा रहेका प्रावधान अनुरूप विद्यालय सञ्चालनमा रहेका छन्। वि.सं. २०७८ मा यी विद्यालयहरूमा कुल ७० लाख ९२ हजार ९ सय ५९ विद्यार्थी अध्ययनरत थिए।

यीमध्ये आधारभूत तह (कक्षा १–५) मा ३५ लाख ४८ हजार ६ सय ३६ (५०.०३%), आधारभूत तह (कक्षा ६–८) मा १७ लाख ७७ हजार ३ सय ४४ (२५.०६%), माध्यमिक तह (कक्षा ९–१०) मा १० लाख ७९ हजार ३ सय ६३ (१५.२२%) र माध्यमिक तह (कक्षा ११–१२) मा ६ लाख ८७ हजार ६ सय १६ (९.६९%) विद्यार्थी रहेका छन्।

**तालिका १**

*विद्यालयमा तहगत भर्नादर र विद्यार्थी सङ्ख्या*

| कक्षा/ तह | विद्यार्थीको उमेर | खुद भर्ना दर | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| आधारभूत ( कक्षा १-५) | ५ देखि ९ वर्ष | ९६.९ | ३५४८६३६ |
| आधारभूत (६-८) | १०-१२ वर्ष | ९३.३ | १७७७३४४ |
| माध्यमिक (९-१०) | १३-१४ वर्ष | ७६.१ | १०७९३६३ |
| माध्यमिक ( ११-१२) | १५-१६ वर्ष | ३५.८ | ६८७६१६ |

स्रोत: आर्थिक सर्वेक्षण. २०७८/७९

प्राथमिक तहमा विद्यालय जाने उमेर समूहका करिव ३.७ प्रतिशत् बालबालिका अझै विद्यालयबाहिर रहेका छन्। आधारभूत तह ५–१२ वर्ष उमेर समूहका ४.९ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेका छन् शैक्षिक सत्र २०७८ मा कक्षा ८, कक्षा १० र कक्षा १२ सम्मको टिकाउ दर क्रमशः ८४.१ प्रतिशत ६६.१ प्रतिशत र ३.१ प्रतिशत रहेको छ। आधारभूत तहको शिक्षा पूरा गर्ने दर ७६.२ प्रतिशत रहेको छ। विद्यालय शिक्षामा लैङ्गिक समता सूचकाइ समदरमा पुगेको छ। कक्षा १–८ को खुद भर्नादरमा लैङ्गिक समता ०.९९ प्रतिशत रहेको छ। त्यसै गरी कक्षा ९–१२ को खुद भर्नादरमा लैगिक समता १.०१ प्रतिशत पुगेको छ।

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 97-110 ISSN : 2392-4764 (P)

**गणतन्त्रपूर्वको विद्यालय शिक्षामा नैतिक शिक्षा**

नेपालमा परापूर्वकालदेखि नै शिक्षाको प्रमुख उद्देश्य विद्यार्थीहरूमा उच्च नैतिकता र असल चरित्र निर्माण गर्नु रहेको थियो । गुरुकुल, गुम्बा र मदरसा शिक्षा मात्र नभएर आधुनिक शिक्षाको सुरुवातदेखि नै नेपालको विद्यालय तहको पाठ्यक्रममा नैतिक शिक्षालाई समावेश गरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८–२०३२) ले नेपालको शिक्षा प्रणाली र पाठ्यक्रममा व्यापक सुधार गरेको थियो । रा.शि.प.यो.ले लागु गरेको नयाँ शिक्षामा नैतिक शिक्षालाई महत्त्वपूर्ण स्थान दिइएको थियो । रा.शि.प.यो ले निर्धारण गरेका शिक्षाका ३ वटा राष्ट्रिय उद्देश्यहरूमध्ये तेस्रो उद्देश्य नैतिक शिक्षा सम्बन्धी थियो । जसमा शिक्षाले प्रत्येक व्यक्तिमा नैतिक चरित्र, परिश्रम गर्ने बानी, स्वावलम्बी हुने बानी, सिर्जनात्मक प्रवृत्ति, अरूको असल भावना र विचारको कदर गर्ने बानी, विश्वबन्धुत्वको भावना लगायतका व्यवहार विकास गर्ने लक्ष्य समावेश थियो । रा.शि.प.यो. अन्तर्गत बनेको पाठ्यक्रमले तोके बमोजिम कक्षा ८ सम्म नैतिक शिक्षा विषय समावेश गरिएको थियो । सामाजिक शिक्षा, पञ्चायत तथा नागरिक जीवन जस्ता विषयमा समेत नैतिक शिक्षालाई समावेश गरिएको थियो । पञ्चायती व्यवस्थाको अन्त्यसम्म नै यी विषयहरू विद्यालयमा पठनपाठन हुने गरेको पाइन्छ ।

पञ्चायती व्यवस्थाको अन्त्यपछि २०४९ सालमा नयाँ पाठ्यक्रम लागु गरिएको थियो । त्यसमा पनि निम्न माध्यमिक तहमा नैतिक शिक्षालाई अनिवार्य विषयको रूपमा समावेश गरिएको थियो । वि.स. २०६१ मा विद्यालय तहको पाठ्यक्रम परिमार्जन गरिएको थियो । यो परिमार्जनले शिक्षाका राष्ट्रिय उद्देश्यहरूमा प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ तथा सामूहिक जीवनपद्धतिको विकास गर्न चरित्रवान् एवं नीतिवान् नागरिक तयार गर्ने पनि थियो । परिवर्तित पाठ्यक्रम २०६३ सालमा कक्षा १ देखि लागु गरियो र क्रमशः माथिल्लो कक्षामा कार्यान्वयन गरियो । यो पाठ्यक्रम अनुसार कक्षा १–३ मा सामाजिक अध्ययन तथा सिर्जनात्मक कला र कक्षा ४–५ मा सामाजिक अध्ययन विषय समावेश गरिएको थियो । यी विषयमा नैतिक शिक्षा दिने पाठ्यवस्तु समावेश थिए । २०७० सालमा कक्षा ६ मा लागु गरिएको नयाँ पाठ्यक्रम क्रमशः ७ र ८ कक्षामा पुऱ्याइएको थियो । यो पछिल्लो पाठ्यक्रममा साप्ताहिक पाठ्यभार २ र पूर्णाङ्क ५० रहने गरी नैतिक शिक्षालाई अनिवार्य विषय बनाइएको थियो । नेपाली समाजका नैतिक मूल्य मान्यता र आस्थाहरूको संवर्द्धन गर्दै असल चरित्र निर्माणका माध्यमद्वारा समाजमा अनुकरणीय व्यवहार प्रदर्शन गर्ने सभ्य, सुसंस्कृत र स्वावलम्बी नागरिक तयार गर्ने उद्देश्यले आधारभूत तह (कक्षा ६–८) का लागि नैतिक शिक्षा विषयको पाठ्यक्रम तयार गरिएको थियो ।

**नयाँ संविधान लागू भएपछिको विद्यालय तहको पाठ्यक्रम र नैतिक शिक्षा**

देशमा नयाँ संविधान लागु भएको र देश सङ्घीयतामा गइसकेपछि परिवर्तित व्यवस्था र आवश्यकताअनुसार शिक्षा प्रणाली र शिक्षाका विषयवस्तुमा संशोधन आवश्यक देखिएकाले वि.सं. २०७६ सालमा नयाँ शिक्षा नीति ल्याइएको थियो । राष्ट्रिय शिक्षा नीतिले निर्धारण गरेका उद्देश्यहरूमध्ये गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सृजनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचारजस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु पनि एक थियो । यही नीति अन्तर्गत २०७६ सालदेखि विद्यालय शिक्षामा नयाँ पाठ्यक्रम लागु गरिएको छ ।

**विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यमा नैतिक शिक्षा**

शिक्षाले असल व्यक्ति र असल संस्कारयुक्त नागरिक विकासमा सहयोग गर्नुपर्छ । समाजका मूल्य र मान्यताअनुसार सहिष्णु भाव, सम्मान, परोपकार, सामाजिक सद्भाव र सहयोग जस्ता पक्षहरूबाट शिक्षा पद्धति निर्दिष्ट हुनुपर्दछ । शिक्षा हासिल गरिसकेपछि व्यक्तिमा ज्ञान, सिप, अभिवृत्ति, दक्षता र काम गर्ने तत्परताको विकास हुनुपर्छ । शिक्षाले समृद्ध र सभ्य समाजको निर्माणमा मद्दत गर्नुपर्दछ । शिक्षाकै माध्यमबाट सामाजिक न्याय, लोकतन्त्र, मानवअधिकार, समता तथा सहअस्तित्व जस्ता पक्षहरू सबल बनाउनुपर्दछ । शिक्षाले शान्ति, सदाचार र नैतिकताजस्ता पक्षलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ । यिनै कुराको प्रतिविम्बन शिक्षाका राष्ट्रिय उद्देश्यहरूमा समेत भएको पाइन्छ । विद्यालय शिक्षाको १२ वटा राष्ट्रिय उद्देश्यहरूमध्ये दोस्रो, तेस्रो र चौथो उद्देश्यहरू प्रत्यक्ष रूपमा नैतिक शिक्षासँग सम्बन्धित छन् ।

१. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी,सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नीतिवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,
२. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,
३. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

**राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६**

नेपालमा विद्यालय तहको शिक्षा आर्जन गरेको जनशक्तिले काम खोज्न वा सिर्जना गर्न, पुर्ख्यौली पेसालाई सुधार एवम् आत्मसात् गर्न र अपेक्षित रूपमा पारिवारिक कार्यमा सहयोग पुऱ्याउन नसकेको, सामाजिक मूल्य र मान्यता तथा सत्कर्मजस्ता पक्षलाई अपेक्षित रूपमा सम्बोधन गर्न नसकेको र यसमा पाठ्यक्रमको दोष रहेको औँल्याउँदै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार गरिएको थियो (पा. वि. के.,

२०७६) । राष्ट्रिय पाठ्यक्रम प्रारूपले मूल्य र मान्यतामा आधारित शिक्षा दिने किसिमले पाठ्यक्रम तयार गर्नुपर्ने कुरामा जोड दिएको छ । प्रारूपले विगतमा पाठ्यक्रममा भएका गल्तीहरू सुधार्नको लागि अनुशासन, शिष्टाचार, सदाचार, शान्ति, अहिंसाजस्ता सार्वभौम मानवोचित सद्गुण अभिवृद्धि गर्न नेपाली मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकास गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्ने र यसका लागि निम्न सिद्धान्त अनुसरण गर्ने पाठ्यक्रम प्रारूपमा उल्लेख भएको पाइन्छ ।

क. पाठ्यक्रम विकास गर्दा नेपाललाई माया गर्न, नेपाली गौरवप्रति सम्मान गर्न, राष्ट्रियता तथा राष्ट्रिय एकतालाई संवर्द्धन गर्न आवश्यक ज्ञान तथा सिप विकासलाई प्राथमिकता दिइने छ ।

ख. शान्ति, सहनशीलता, परोपकार, क्षमा, सदाचार, अहिंसाजस्ता पूर्वीय मान्यतालाई पुस्तान्तरण गर्न आवश्यक ज्ञान, सिप र आचरण विकासमा जोड दिइने छ ।

ग. राष्ट्रिय चिन्तनमुखी जनशक्ति उत्पादन गर्नेतर्फ विशेष प्राथमिकता दिइने छ । देशको भूगोल, इतिहास, कलाकौशल तथा विशिष्टताको संरक्षण र संवर्धनमा ध्यान दिइने छ ।

घ. संस्कृत भाषा तथा साहित्यलगायत पूर्वीय दर्शनमा आबद्ध बहुपक्षीय जीवनोपयोगी चिन्तनलाई विद्यालय शिक्षामा समावेश गरिने छ ।

ङ. स्थानीय ज्ञान, सिप तथा प्रविधि आदिको विकास तथा स्तरोन्नति गर्नेतर्फ विशेष जोड दिइने छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ भित्र रहेर कक्षा १–३ का लागि २०७७ देखि क्रमशः मुलुकभर लागु हुने गरी एकीकृत पाठ्यक्रमको विकास तथा कार्यान्वयन गरिएको छ । नयाँ पाठ्यक्रम २०७७ सालदेखि कक्षा १ र ११ मा, २०७८ सालदेखि २,३,६ र १२ मा, २०७९ सालदेखि कक्षा ७ र ९ मा २०८० को शैक्षिक सत्रदेखि कक्षा ८ र १० मा लागु भैसकेको छ ।

**आधारभूत शिक्षा (कक्षा १ – ८) का सक्षमता र पाठ्यक्रम**

५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरू आधारभूत तहमा अध्ययन गर्छन् । यो उमेर भनेको समाजलाई बुझ्न खोज्ने, चरित्र निर्माण गर्ने र साक्षर हुने उमेर हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नीतिवान्  हुने उद्देश्य पाठ्यक्रमले लिएको छ । पाठ्यक्रमका अनुसार  आधारभूत शिक्षाका सक्षमता  (नैतिक शिक्षा सम्बन्धित मात्र) देहायबमोजिम हुने छन्:

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन,

२. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग, जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,

३. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार कुशल सिपको प्रयोग,

४. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सृजनशीलताको विकास र प्रयोग,

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार।

कक्षागत रूपमा हेर्दा आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमता अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नु, आधारभूत शिक्षा (कक्षा ४–५) का सक्षमताहरू नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास, आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र सहभावको विकास गर्नु निर्धारण गरिएको छ।

कक्षा १–३ को एकीकृत पाठ्यक्रममा आफ्नो परिवार, समुदाय, हाम्रो संस्कृतिको बारेमा पाठ्यवस्तुहरू समावेश गरिएको छ। यसले समाज बुझ्न मद्दत गर्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गदर्शन गरेअनुरूप कक्षा ४ र ५ मा सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको एकीकृत रूपमा पाठ्यक्रम तयार गरिएको छ। यस पाठ्यक्रमबाट विद्यार्थीमा सामुदायिक भावना विकसित हुन सकोस्, विद्यार्थीहरूले विकासका सामान्य अवधारणा बुझ्न सकुन्, आफ्ना सामाजिक मूल्य तथा मान्यतासँग परिचित भई एक लगनशील, कर्तव्यनिष्ठ, इमानदार र असल नागरिक बनुन्, नेपालको भौगोलिक परिवर्तन तथा विगतका ऐतिहासिक घटनाक्रमबाट पाठ सिकी आफूलाई परिवर्तन गर्न सकुन् भन्ने उद्देश्य राखिएको छ। त्यसैगरी आर्थिक क्रियाकलापसँग परिचित भई श्रमप्रति लगनशील हुन र सम्मान गर्न सकुन् भन्ने उद्देश्य यस पाठ्यक्रमले राखेको छ। यस पाठ्यक्रममा समावेश गरिएका मुख्य विषयवस्तुमा हामी र हाम्रो समाज, हाम्रो मूल्यमान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत र हाम्रो आर्थिक क्रियाकलाप रहेका छन्।

राष्ट्रिय पाठ्यक्रम प्रारूपले नैतिक शिक्षा नामक छुट्टै विषयलाई हटाए पनि कक्षा ६–८ का सक्षमतामा भने नैतिक शिक्षालाई केही बढी स्थान दिएको देखिन्छ। आधारभूत शिक्षा (कक्षा ६–८) सक्षमताहरूमा लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान, नैतिकता,

अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास, स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहार कुशल सिपको प्रयोग, नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सृजनशीलताको प्रयोग मुख्य छन् ।

सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत विभिन्न सामाजिक विज्ञानका अन्तर सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । यस विषयको अध्ययनबाट विद्यार्थीहरूलाई असल नागरिक भई सफल जीवनयापन गर्न मदत पुग्ने र मानवमूल्य शिक्षामार्फत असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, सहानुभूति, विश्वास, भाइचारा र विश्वबन्धुत्वजस्ता मानवीय मूल्यलाई व्यावहारिक रूपमा विकास गराउँदै जाने उद्देश्य राखेको छ । त्यसैगरी यस विषयले विविधताको सम्मान, समताको आत्मसात्, समावेशिताको अभ्यास गर्ने मूल्यको विकास गराउने लक्ष्य पनि राखेको छ । विषयवस्तुमा हामी र हाम्रो समाज, हाम्रा मानव मूल्यमान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, हाम्रा आर्थिक क्रियाकलाप हाम्रो जनसाङ्ख्यिक अवस्था अन्तर्राष्ट्रिय सम्बन्ध, समसामयिक घटना र सूचना प्रविधि रहेका छन् । यी मध्ये हाम्रा मानव मूल्य मान्यता पाठ नैतिक शिक्षासँग बढि नजिक छ भने हामी र हाम्रो समाज, नागरिक चेतना, सामाजिक समस्या र समाधान पाठहरूले पनि नैतिक शिक्षा दिन सक्ने किसिमका छन् ।

**माध्यमिक शिक्षा (कक्षा ९–१२) का सक्षमता र पाठ्यक्रम**

किशोरावस्थामा प्रवेश गरेका १३ देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरू माध्यमिक तहमा रहेका हुन्छन् । यो उमेर शारीरिक, मानसिक र सामाजिक रूपमा तीव्र परिवर्तनको उमेर हो । छिटो सिक्न खोज्ने, छिटो प्रतिक्रिया देखाउने, सामाजिक र भावनात्मक रूपमा धारणा निर्माण गर्ने र जीवनको लक्ष्य निर्धारण गर्ने यो उमेरमा बालबालिकालाई दिने नैतिक शिक्षाले व्यक्ति र समाजको नैतिक धरातल निर्माण गरेको हुन्छ । राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सृजनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्ने लगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु यस तहको शिक्षाको कार्यदिशा हो । यो तहको अध्ययनपछि विद्यार्थीहरूमा निम्न सक्षमता (नैतिक शिक्षा सम्बन्धित मात्र ) हासिल हुने लक्ष्य राखिएको छ ।

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्द्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन,

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह,

३. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिप (Life skills) को प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन,

४. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी।

कक्षा ९ र १०मा अनिवार्य विषयको रूपमा सामाजिक अध्ययन विषय राखिएको छ। बदलिँदो विश्व परिवेश, राष्ट्रिय सन्दर्भ, समसामयिक विषयवस्तु र स्थानीय आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी यो विषयको पाठ्यक्रम तयार पारिएको पाठ्यक्रम प्रारूपमा उल्लेख छ । यस विषयको अध्ययनबाट असल नागरिक भई सफल जीवनयापन गर्न विद्यार्थीलाई मद्दत पुग्ने छ । यसका साथै यस विषयमार्फत असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, सहानुभूति, विश्वास, भाइचारा र विश्वबन्धुत्व जस्ता मानवीय मूल्यलाई व्यावहारिक रूपमा विकास गराउने उद्देश्य राखेको छ। विविधताको सम्मान, सामाजिक न्यायको आत्मसात् एवम् समावेशिताको मूल्य विकास गराउने लक्ष्य पनि यस पाठ्यक्रमले राखेको छ।

यस पाठ्यक्रममा समावेश गरिएका मुख्य विषयवस्तुमा हामी र हाम्रो समाज, विकासका पूर्वाधार, हाम्रा सामाजिक मूल्य मान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, हाम्रा आर्थिक क्रियाकलाप, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग एवम् जनसङ्ख्याको परिचय र व्यवस्थापन रहेका छन् । यस पाठ्यक्रमबाट विद्यार्थीमा सामुदायिक भावना विकसित हुन सकोस्, विद्यार्थीले आफ्नो मुलुकको वास्तविक विकासका अवधारणा बुझ्न सकुन्, आफ्ना सामाजिक मूल्यमान्यतासँग परिचित भई एक लगनशील, कर्तव्यनिष्ठ, इमानदार र असल नागरिक बनुन् भन्ने उद्देश्य राखिएको छ।

कक्षा ११ र १२ मा सामाजिक अध्ययन तथा जीवनोपयोगी सीप विषयलाई अनिवार्य विषयको रूपमा समावेश गरिएको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा ११ र कक्षा १२ का विद्यार्थीहरूमा समाजको अध्ययनसहित जीवनोपयोगी सीप विकास गराई मानवीय मूल्य र मान्यतासहित लोकतान्त्रिक समाजमा अनुकूलन हुन सक्ने सक्षम नागरिक तयार पार्ने उद्देश्यले सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको यो पाठ्यक्रम तयार गरिएको छ। कक्षा ११ को सामाजिक अध्ययन विषयमा रहेका ११ वटा विषयगत क्षेत्रहरू मध्ये सामाजिक पहिचान, विविधता र वर्ग विभाजन विषयगत क्षेत्र नैतिक शिक्षासँग अलि नजिक भएको देखिन्छ। कक्षा १२ मा सामाजिक अध्ययन तथा जीवनोपयोगी सीप विषय पनि ११ वटा विषयगत क्षेत्र रहेका छन् जसलाई अनिवार्य विषयको रूपमा समावेश गरिएको छ। यो विषयका अधिकांश विषयवस्तुहरू नैतिक शिक्षा , व्यक्तिको सामाजिकीकरण सीपमा केन्द्रित रहेका छन्।

**पाठ्यक्रमको उद्देश्य र पाठहरूको तादाम्यता**

पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पूरा गर्नका लागि पाठ्यपुस्तक तयार गरिएको हुन्छ । पाठ्यपुस्तकलाई आधार बनाएर विद्यालयमा शिक्षण क्रियाकलाप हुने गर्छन् । विद्यार्थीहरूले पनि पाठ्यपुस्तकबाट नै धेरै कुरा सिक्ने अवसर पाउँछन् । कक्षा ६ देखि १२ सम्मको सामाजिक अध्ययन विषयका पाठ्यपुस्तक अध्ययन गर्दा देखिने पाठ्यक्रमको उद्देश्य र पाठहरूको तादाम्यता निम्नानुसार छ -

**तालिका २**

*पाठ्यक्रमको उद्देश्य र पाठहरूको तादाम्यता*

| तह र कक्षा | विषयक्षेत्र सङ्ख्या | नैतिक शिक्षा प्रदान गर्ने पाठहरू | पाठले जोड दिएका मुख्य विषयवस्तु | पाठ्यक्रमको उद्देश्य हासिल गर्नका लागि पर्याप्तता |
|---|---|---|---|---|
| आधारभूत ६-८ | ८ | हामी र हाम्रो समाज, हाम्रा मानव मूल्यमान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, | समुदाय र समाज, समाज निर्माणका आधार, आत्म अनुशासन, सामाजिक व्यवहार, मानव मूल्यमान्यता, सामाजिक/सास्कृतिक विविधता, नागरिक अधिकार र कर्तव्य, लोकतान्त्रिक सामाजिक नियम, सामाजिक विकृति र समस्या | विद्यार्थीहरूको उमेर अनुसारको सिकाइका लागि हुनुपर्ने विषयवस्तु नभएको |
| माध्यमिक ९-१० | १० | हामी र हाम्रो समाज, हाम्रा सामाजिक मूल्य मान्यता, सामाजिक समस्या तथा समाधान, | असल समाज निर्माणमा भूमिकाको खोजी, परम्परा, सामाजिक मूल्यमान्यता, धार्मिक सहिष्णुता, समानुभूति र शान्ति सस्कृतिको विकास, नागरिक चेतना र सुशासन | आधुनिकतामा समाजमा प्रचलित र स्वीकार्य नैतिक तथा चारित्रिक व्यवहारको जानकारी दिने, सिप विकास गर्ने र त्यसलाई व्यवहारमा उतारी जीवनयाँपन गर्न सघाउने विषयवस्तु पाठमा नभएको , आधारभूत तह र माथिल्लो तह(११/१२) लाई जोड्ने विषयवस्तु |

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 97-110 ISSN : 2392-4764 (P)

| | | | | |
|---|---|---|---|---|
| | | | | नभएको |
| माध्यमिक कक्षा ११ | ११ | जीवन उपयोगी सिप, सामाजिक पहिचान र विविधता, स्वास्थ्य सेवा र सामाजिक विकास | निर्णय प्रक्रिया, तनाव व्यवस्थापन, संचारको महत्व र सदुपयोग, अंतर्वैयात्तिक सिप, बहुजातीयता र स्वस्थ जीवनशैली र कुलत विरुद्धको धारणा विकास, किशोरावस्थाका समस्या र सदुपयोग, योग तथा ध्यान, सामुदायिक कार्यमा सहभागिता, मितव्ययी जीवनशैली | नैतिकता, सामाजिक व्यवहार र असल चरित्र निर्माण गर्न सघाउने पाठ्यवस्तु न्यून रहेको |
| माध्यमिक कक्षा १२ | ११ | सामाजिक तथा जीवन उपयोगी शिक्षाको अवधारणा, जीवनोपयोगी सिप, समाजको विकास र दर्शन, सामाजिक पहिचान र विविधता, संविधान र नागरिक सचेतना | पूर्वीय तथा पाश्चात्य चिन्तन परम्परा र अभ्यास, जीवनोपयोगी सिपहरू (समालोचनात्मक चिन्तन, सिर्जनात्मक चिन्तन, समानुभूति, आत्मबोध, संवेग व्यवस्थापन), जीवन दर्शन र यसको उपयोग, सामाजिक सवालहरू (वर्ग, लैंगिकता, अपाङ्गता, समावेशीकरण), नागरिक अधिकार तथा कर्तब्य, मुलुकी संहिताको जानकारी, शिक्षामा पहुँच, समावेशिता | किशोरावस्थामा रहेका बालबालिकालाई स्व-अनुशासित हुन् र समाजको दर्शन बुझ्नको लागि पाठ्यवस्तु भएको तर मौलिक दर्शन, सामाजिक व्यवहारप्रति बालबालिकालाई आकर्षित गर्ने पाठ्यसामग्रीको कमि रहेको |

**समस्याहरू**

विद्यालय तहमा नैतिक शिक्षा अत्यावश्यक भए पनि यसलाई छुट्टै विषयको रूपमा राखिएको छैन। सामाजिक अध्ययनअन्तर्गत सबै कक्षाहरूमा नैतिक शिक्षा लिन सक्ने गरी केही पाठहरू समावेश गरिएको भए पनि तल्लो कक्षादेखि क्रमबद्धता, उमेर सुहाउँदो र पूर्वीय मान्यता सुहाउँदो देखिँदैन । सामाजिक अध्ययनमा राखिएका विषयवस्तुहरूले हाम्रो मौलिक सभ्यता, परम्परा र पूर्वीय दर्शनलाई भन्दा पनि आम विश्व चरित्रलाई पस्केको पाइन्छ । पाठ्यक्रममा भएका यस्ता विषयवस्तुले बालबालिकामा नैतिक शिक्षा विकास गर्ने भन्दा पनि घोकेर परीक्षामा उत्तीर्ण हुने बानीको विकास गर्ने देखिन्छ । सामाजिक अध्ययनमा रहेका विषयवस्तुहरूको अध्ययनपछि विद्यार्थीहरूमा कस्तो किसिमको चरित्र र नैतिकता विकास गर्ने भन्ने

स्पष्ट नहुँदा पाठहरूले दिने नैतिक शिक्षा शिक्षकको क्षमता, विवेक र दृष्टिकोणबाट प्रत्यक्ष प्रभावित हुने देखिन्छ । यी विषयवस्तुले वर्तमान समयमा देखिएको नैतिक व्यवहारको अभावलाई पूरा गर्न सक्ने देखिँदैन ।

## निष्कर्ष

नीतिवान् र चरित्रवान् नागरिक तयार गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । विगतमा नैतिक शिक्षालाई विद्यालय शिक्षाको पाठ्यक्रमको अभिन्न अङ्ग मानिएको भए पनि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षाबाट नैतिक शिक्षालाई हटाएको छ । सामाजिक अध्ययन विषयमा कक्षा एकदेखि १२ सम्म समाज, परिवार, संस्कृति, सामाजिक विविधता, नागरिक कर्तव्य जस्ता विषयवस्तु समावेश गरिएको छ । यी विषयवस्तुहरू नीतिवान् र चरित्रवान् नागरिक तयार गर्नका लागि भन्दा पनि समाज अध्ययन गराउने किसिमका छन् । पाठ्यक्रमले नैतिक शिक्षालाई कम महत्त्व दिएको भए पनि विद्यालयमा शिक्षकले विषयवस्तु अध्यापन गर्दा देश, काल र परिस्थिति सुहाउँदो नैतिक शिक्षालाई समावेश गर्न सकिने आधारहरू भने पाठ्यक्रमले प्रदान गरेको छ । यसरी हेर्दा बालबालिकालाई नीतिवान् र चरित्रवान् बनाउने कुरा पाठ्यक्रम र पाठ्यपुस्तकभन्दा पनि शिक्षकमा भर परेको छ । विद्यार्थीलाई शिक्षण गर्दा हरेक विषयमा शिक्षकले बालबालिकालाई नैतिक र चारित्रिक शिक्षा दृष्टान्तसहित प्रस्तुत गर्ने, आफूले समाजको राम्रो अध्ययन गरेर बालबालिकालाई राम्रो र नराम्रो व्यवहार छुट्याउन र त्यसैअनुसार असल बानीको विकास गर्न सघाउने, शिक्षकले असल चारित्रिक व्यवहार प्रदर्शन गर्ने, घरमा अभिभावकहरूले बालबालिकालाई असल संस्कार, व्यवहार सिकाउने, आफ्ना सम्पदाको सम्मान गर्न र श्रमप्रति सकारात्मक अनि अरूप्रति सहयोगी र विवेकी बन्न सिकाउने हो भने पाठ्यक्रममा भएको नैतिक शिक्षाको अभावलाई पूरा गर्न सकिन्छ । नीतिवान् र चरित्रवान् नागरिक तयार गर्न सकेमा शिक्षाका अन्य सम्पूर्ण उद्देश्यहरू स्वतः पूरा हुन सक्ने छन् ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउनुहुने विज्ञज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भ सामाग्री

अधिकारी, माधव (२०७८) . *सुशासनका लागि नैतिक शिक्षाको महत्त्व* https://www.karobardaily.com/news/ 181577

*आर्थिक सर्वेक्षण २०७८-७९* ( २०७९). नेपाल सरकार अर्थ मन्त्रालय ।

*विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६* (२०७६) . पाठ्यक्रम विकास केन्द्र नेपाल ।

*नेपाल राष्ट्रिय शिक्षा नीति, २०७६* (२०७६) . नेपाल सरकार शिक्षा मन्त्रालय ।

*उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५* (२०७६) . नेपाल सरकार शिक्षा मन्त्रालय ।

*नेपाल, शिक्षाको सोचपत्र,* २०७९ (२०७६) . नेपाल सरकार शिक्षा मन्त्रालय ।

Chazan B. and Soltis, Jonas (1973). *Moral Education.* editors. Teachers College Press

Durkheim, Emile (1961) . *Moral Education*. (Free Press)

IBE-UNESCO ( 2017). *Trainning tools for Curriculum Development: Prototype of a National Curriculum Framework*, Geneva, IBE-UNESCO.

Lickona, T. (1991). *Education for character*. Bantam Books.